सुर्नया गाउँपालिका

Surnaya Gaupalika

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of Rural Municipal Executive

रौलेश्वर, बैतडी

Rauleshwar, Baitadi

२०७३

सुदूरपश्चिम प्रदेश, नेपाल

Sudurpashchim Province, Nepal

प.सं.(Ref. No): २०८२/८३

च.नं.(Des. No):

(प्रथम पटक प्रकाशित मितिः२०८३/०२/२६)

# सूचना । सूचना।। सूचना।।।

उपरोक्त विषयमा यस गाउँपालिकामा मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर, मेरुदण्ड पक्षाघात, र अन्य दीर्घरोगीहरुको औषधि र उपचार खर्च व्यवस्थापनको लागि एक एकीकृत सफ्टवेयर प्रणालीको विकास गरि व्यवस्थित एवं सहज बनाउने उद्धेश्यले नागरिक स्वास्थ्य उपचार व्यवस्थापन प्रणाली खरिद गर्न आवश्यक देखिएकोले सो कार्यका लागि परामर्श कमपनि हरुले ७ (सात) दिन भित्र यसै साथ संलग्न TOR का आधारमा प्रस्ताव पेश गर्न हुन अनुरोध छ ।

(जितेन्द्र बि.क)

प्रमुख प्रशासकीय अधिकृत

जीतेन्द्र वि.क.

प्रमुख प्रशासकीय अधिकृत



Scanned with OKEN Scanner

## मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर, मेरूदण्ड पक्षाघात भएका दीर्घरोगीहरूको औषधि र उपचार खर्च व्यवस्थापन गर्ने सफ्टवेयरको TOR (Terms of Reference) को आधारमा परामर्श दाताले पेश गर्नुपर्ने BoQ (Bill of Quantity)

१ सफ्टवेयर विकास लागत

| सि.न. | शिर्षक | दर | दिन | जम्मा | लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| क | **पारिश्रमिक खर्च Remuneration, Key Experts** | | | | | |
| | प्रणाली प्रशासक (Network Administrator) | | | | | |
| | प्रणाली विश्लेषक (System Analyst) | | | | | |
| | सफ्टवेयर इन्जिनियर ( Software Engineer) | | | | | |
| | UI/UX डिजाइनर (UI/UX Designer) | | | | | |
| | दस्तावेज / कार्यान्वयन विशेषज्ञहरू (Documentation / Implementation Experts) | | | | | |
| | **क जम्मा** | | | | | |
| ख | **अभिलेखिकरण** | | | | | |
| | क्लाउड होस्टिङ र सुरक्षा उपायहरू | | | | | |
| | **ख जम्मा** | | | | | |
| ग | **खर्च** | | | | | |
| | प्रशिक्षक खर्च | | | | | |
| | यातायात | | | | | |
| | खाना तथा बास | | | | | |
| | **ग जम्मा** | | | | | |
| घ | **अन्य खर्चहरु** | | | | | |
| | **सञ्चार तथा विविध तर्फ** | | | | | |
| | **घ जम्मा** | | | | | |
| | **जम्मा लागत क,ख,ग,घ** | | | | | |
| | **जम्मा** | | | | | |

**२. वार्षिक मर्मतसम्भार शुल्क**

**३. प्रयोगकर्ता तालिम खर्च**

Scanned with OKEN Scanner

**मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर, मेरूदण्ड पक्षाघात भएका दीर्घरोगीहरूको औषधि र उपचार खर्च व्यवस्थापन गर्न सफ्टवेयरको TOR (Terms of Reference) को संरचना**

**1. परियोजनाको पृष्ठभूमि**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षाघात भई दिर्घरोगी भएका व्यक्तिहरूको मासिक औषधि उपचार खर्च व्यवस्थापन गर्ने नेपाल सरकारको नीति अनुसार लक्षित समुहका लागि दिइने स्वास्थ्य सेवा, सुविधा तथा प्रकृयालाइ सरल र सहज बनाउनका साथसाथै विपन्न नागरिक हरूलाइ मन्त्रालयले तोकेका विभिन्न अस्पतालबाट पाउने औषधी उपचार खर्चको सिफारिस, सामाजिक विकास मन्त्रालयबाट गरिने स्वास्थ्य उपचार आर्थिक सुविधाका सिफारिस लगायत पालिकाबाट पाउने उपचार खर्चको तथ्यांक व्यवस्थापन गर्ने प्रयोजनका लागि एक प्रभावकारी प्रणाली आवश्यक रहेको छ। यसका लागि सफ्टवेयरको विकास तथा उपयोग गरी पालिकाले विभिन्न विपन्न रोगीहरूलाई औषधि, उपचार, र अन्य आर्थिक सहयोग तथा सिफारिस उपलब्ध गराउन सक्नेछ।

यस सन्दर्भमा, हामीले फरक फरक कम्पनीहरूबाट यसै साथ संलग्न प्रस्ताव संरचनाका आधारमा कोटेशनहरू माग गरि प्राप्त कोटेशनहरूको तुलना गर्न गर्नेछौं। प्रत्येक कम्पनीले उक्त सफ्टवेयर प्रणालीको विकास, स्थापना, र यसका विभिन्न सेवा सुविधाहरूको लागतबारे विस्तृत कोटेशनहरू प्रस्तुत गर्नु पर्नेछ। कोटेशन पेश गर्दा यसै साथ संलग्न विस्तृत विवरणमा प्रस्तुत गर्नुपर्ने हुँदा, हामीले तलका तत्वहरूलाई समावेश गर्दै हरेक कम्पनीको प्रस्तावको विश्लेषण गर्नेछौं:

**2. परियोजनाका उद्देश्यहरू**

- रोगीहरूको व्यक्तिगत विवरण, उपचार खर्च, र सिफारिस व्यवस्थापन गर्ने।
- सरकारी अस्पतालहरूमा विपन्न वर्गका नागरिकहरूलाई उपलब्ध गराइने उपचार सेवा र सिफारिसको व्यवस्थापन।
- सामाजिक विकास मन्त्रालयबाट गरिने स्वास्थ्य उपचारका लागि आर्थिक सिफारिस प्रणाली समावेश गर्ने।
- पालिकाबाट पाउने उपचार खर्च व्यवस्थापनको लागि ट्र्याकिङ प्रणाली निर्माण गर्ने।

**3. परियोजना दायरा (Scope of Work)**

- **सफ्टवेयर डिजाइन र विकास:**
  - बिरामीहरूको तथ्यांक व्यवस्थापन, औषधि र उपचार खर्चको ट्र्याकिङ प्रणाली।

पुर्चौंडा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शैलेश्वर, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

- विपन्न नागरिकहरूको सिफारिस व्यवस्थापन।
- पालिकाबाट पाउने उपचार खर्चको रिपोर्टिङ र ट्र्याकिङ।
- सामाजिक विकास मन्त्रालयको लागि रिपोर्ट जनरेट गर्ने।
- **सफ्टवेयर परीक्षण**: सफ्टवेयरका विभिन्न मोड्युलहरूको कार्यक्षमता परीक्षण र त्रुटि सुधार।
- **उपयोगकर्ता प्रशिक्षण**: सफ्टवेयर प्रयोग गर्ने सरकारी कर्मचारीहरूलाई आवश्यक तालिम उपलब्ध गराउने।
- **समर्थन र मर्मत**: सफ्टवेयर सञ्चालनका क्रममा प्राविधिक सहयोग र आवश्यक अपडेटहरू प्रदान गर्ने।

## 4. प्राविधिक मापदण्डहरू

- सफ्टवेयर कुन टेक्नोलोजी फ्रेमवर्कमा आधारित हुनेछ? (जस्तै Python, PHP, Node.js, इत्यादि)
- कुन डेटाबेस प्रणाली प्रयोग गरिनेछ? (PostgreSQL, MySQL, MongoDB आदि)
- फ्रन्ट-एन्ड र ब्याक-एन्डका लागि आवश्यक उपकरण र भाषा।
- सुरक्षा मापदण्डहरू (डेटा एन्क्रिप्शन, प्रमाणीकरण प्रणाली)।
- डेटा गोपनीयता र स्वास्थ्यसम्बन्धी संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गर्न आवश्यक प्रविधिहरू।

## 5. समयसीमा (Timeline)

- प्रारम्भिक विश्लेषण: परियोजना सुरु गर्न आवश्यक प्राथमिक तयारीहरू (१ महिना)।
- डिजाइन र विकास: सफ्टवेयरको सम्पूर्ण विकास (२-३ महिना)।
- परीक्षण: सफ्टवेयरको प्रयोगात्मक संस्करणको परीक्षण र बग फिक्सिङ (१-२ महिना)।
- स्थापना र कार्यान्वयन: सफ्टवेयरलाई सम्बन्धित निकायहरूमा स्थापनासहित सञ्चालन गर्ने (१ महिना)।
- प्रशिक्षण कार्यक्रम: सरकारी कर्मचारीहरूलाई सफ्टवेयर प्रयोग गर्न तालिम दिने (१ महिना)।

## 6. बजेट

**यो परियोजना अधिकतम रू ४,५०,०००/- (अक्षरेपी चार लाख पचास हजार रुपैयाँ मात्र - कर सहित) को सीमाभित्र रही सम्पन्न गर्नुपर्नेछ।**

- सफ्टवेयर डिजाइन, विकास, र परीक्षणको लागि।
- वार्षिक मर्मतसम्भार खर्च।
- सफ्टवेयर अपग्रेड र अपरेशनल खर्च।
- प्रयोगकर्ता तालिमको लागि।

Scanned with OKEN Scanner

## 7. प्रस्ताव मूल्याङ्कन मापदण्ड (Evaluation Criteria)

ऐर्न्या गाउँपालिका
गाउँपालिकाको कार्यालय
... पंचेश्वर, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

- सफ्टवेयर विकासकर्ताहरूको अनुभव र विशेषज्ञता।
- प्रस्तावित सफ्टवेयरको कार्यक्षमता र मापदण्डहरूको पालन।
- समयसीमाभित्र काम सम्पन्न गर्न सक्ने क्षमता।
- लागत-प्रभावकारिता।
- सफ्टवेयरको दीर्घकालीन मर्मतसम्भार र प्राविधिक सहयोगको सुविधा।

## 8. सहयोग र जिम्मेवारीहरू

- **सेवा प्रदायकको जिम्मेवारी:**
  - सफ्टवेयरको विकास, परीक्षण, र समयमै उपलब्ध गराउनु।
  - सम्बन्धित कर्मचारीहरूलाई आवश्यक तालिम दिनु।
  - प्राविधिक समस्या समाधान गर्न सहयोग गर्नु।
- **सेवा ग्राहीको जिम्मेवारी:**
  - आवश्यक तथ्यांक र जानकारी उपलब्ध गराउनु।
  - सफ्टवेयर विकासका लागि आवश्यक स्रोतसाधनहरूको व्यवस्थापन।
  - आवश्यक निर्णयहरू समयमै लिनु।

## 9. रिपोर्टिङ र अनुगमन (Reporting and Monitoring)

- परियोजनाको प्रगति अनुगमन गर्ने तरिका र कार्यसम्पादन मापदण्डहरू।
- प्राविधिक रिपोर्टिङ प्रणाली, जसले सफ्टवेयर विकासको प्रत्येक चरणको प्रगति मापन गर्नेछ।

## 10. अन्य प्रावधानहरू (Other Provisions)

- गोपनीयता सम्झौता (Non-Disclosure Agreement)।
- बौद्धिक सम्पत्ति अधिकार (Intellectual Property Rights)।
- विवाद समाधान प्रक्रिया।
- सेवा सम्झौताको समयावधि।

Scanned with OKEN Scanner